# आ.व.२०७९।०८० को प्रथम बोर्ड बैठकको निर्णयहरु

मिति: २०७९।०४।२४

**निर्णय नं १**

मिति २०७८।१२।१३ मा गठित उच्चस्तरिय सुझाव समितिले तोकेको समयावधी भित्र अनुगमन तथा मुल्याङ्कन गरी तयार पारेको प्रतिवेदन बोर्डका अध्यक्षलाई हस्तान्तरण भएको र सो अनुगमन तथा मुल्याङ्कन तथा प्रतिवेदन पेश गर्ने उच्चस्तरीय सुझाव समितिका संयोजक डा. भगवान कोईराला, समितिका सदस्यहरू डा. ईन्द्र ढकाल, डा. बिराज कर्माचार्य, डा. हरिश चन्द्र न्यौपाने र डा. बच्चु कैलाश कैनी समेतलाई धन्यवाद दिने निर्णय गरियो।

**निर्णय न.२**

मिति २०७८।०३।२७ गतेको बोर्ड बैठकमा पेश भएको आ.व. २०७९।०८० को वार्षिक अनुमानित आय-व्यय र वार्षिक बजेटको अंकमा केही परिमार्जन गरी संसोधित अंकलाई समावेश गरीएको ।

**निर्णय नं ३**

स्वास्थ्य बीमा बोर्ड व्यवस्थापनबाट प्रस्तुत आ.व. २०७८।०७९ को सेवा प्रदायकलाई सोधभर्ना गर्न बाँकी रकम रू. ५,७६,५०,८६,५७०।०० भुक्तानी दायित्वलाई म.ले.प.फा.न. २२१ मा समावेश गरी प्रमाणित हुनु पुर्व दाबी भुक्तानी मुल्याङ्कनबाट एकिन गरी भुक्तानी दायित्वको कच्चेवारी प्रमाणित गरेर चालु आ.व. २०७९।०८० मा दायित्व सार्न सहमति दिने ।

**निर्णय नं ४**

आर्थिक बर्ष २०७९।०८० मा स्वास्थ्य बीमा बोर्डबाट संचालन हुने स्वीकृत कार्यक्रमको कार्य संचालन निर्देशिका, २०७९ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ५**

स्वास्थ्य बीमा बोर्डको मिति २०७७।११।२४ गतेको बोर्ड बैठकबाट स्वीकृत स्वास्थ्य बीमा बोर्डको स्थायी संगठन संरचना स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पेश गरिएकोमा हालसम्म प्रकृयामै रहेको संगठन र व्यवस्थापन सर्भेक्षण प्रतिवेदनलाई आ.व. २०७९।०८० को बजेट बक्तव्यको बुँदा नं. ३७९ को व्यवस्था बमोजिम श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९।०४।२३ गते जारी गरेको सूचना समेतलाई मध्यनजर गरी स्वास्थ्य बीमा बोर्डको प्रस्तावित स्थायी संगठन संरचनामा पुन संक्षिप्त O&M गराई अगाडि प्रस्ताव गरिएको ९८२ दरबन्दीमा कटौती गरी ९०४ कायम गरिएको दरबन्दी तेरीज स्वीकृत गरी पुनः स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउन बोर्ड व्यवस्थापनलाई निर्देशन दिने र सो को आधारमा तयार पारिएको कर्मचारी प्रशासन विनियमावली, २०७९मा बोर्डको सुझाव समेत समावेश गरी स्वीकृत गर्ने र सम्बन्धित निकायको राय परामर्शका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पठाउने।

**निर्णय नं ६**

अ) आर्थिक बर्ष २०७९।०८० मा स्वीकृत वार्षिक कार्यक्रमहरूमध्ये कार्य संचालन निर्देशिका, २०७९ मा उल्लेख भएको निर्देशक समिति र आवश्यक ऐन, कानून परिमार्जन एवं निर्माणका लागि बोर्डका अध्यक्ष डा. सेनेन्द्र राज उप्रेतीको संयोजकत्वमा देहायको एक निर्देशक समिति गठन गर्ने निर्णय गरियो ।

क) डा. सेनेन्द्र राज उप्रेती - संयोजक

ख) डा. सुरेश तिवारी - सदस्य



CamScanner

ग) डा. तारा साह - सदस्य

घ) डा. दामोदर बसौला - सदस्य सचिव

प्राविधिक कार्यदलले निर्देशक समितिमा पेश गरेको मस्यौदा उपर छलफल गरी आवश्यकता अनुसार बोर्ड बैठकमा पेश गर्ने । उपरोक्त बमोजिमको निर्देशक समितिको बैठकमा ५०% उपस्थितिलाई गणपुरक संख्या पुरा भएको मानिनेछ ।

आ) आर्थिक बर्ष २०७९।०८० मा स्वीकृत वार्षिक कार्यक्रमहरूमध्ये कार्य संचालन निर्देशिका, २०७९ मा उल्लेख भएका विभिन्न प्राविधिक कार्यदल आवश्यकता अनुसार गठन गरी कार्यदललाई आवश्यक पर्ने सम्बन्धित विषय विज्ञहरूलाई आमन्त्रण गर्न बोर्ड व्यवस्थानलाई जिम्मेवारी दिने साथै प्राविधिक कार्यदल र निर्देशक समितिको खाजा र भत्ता लगायतका खर्चका विषयमा अर्थ मन्त्रालयबाट जारी भएको मापदण्ड अनुसार गर्ने ।

निर्णय नं ८

आ.व. २०७९।०८० को स्वीकृत कार्यक्रममा स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गतको उपचारको भुक्तानीमा सहभुक्तानी प्रणाली लागु गर्ने उल्लेख भए अनुसार हाल प्रचलित लक्षित वर्ग बाहेकका सेवाग्राहीहरुलाई सबै प्रकारको उपचार खर्चमा १०% सहभुक्तानी लागु गर्नका लागि कार्यविधि बनाउन बोर्ड व्यवस्थापनलाई निर्देशन दिने ।

निर्णय नं ९

वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको दाबीहरुको सम्बन्धमा बोर्डबाट गठित उच्चस्तरिय सुझाव समितिको सुझाव अनुसार स्वास्थ्य बीमा बोर्डबाट खटाईएको टिमले त्यस्ता दाबीहरुको एकिन गरी प्रमाणित गरेर पेश गरेको प्रतिवेदन बमोजिम वी.पी. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानलाई दाबी प्रविष्टी गर्दा ऐन, नियम तथा कार्यविधिले औल्याएका आवश्यक सम्पूर्ण कागजातहरु सहित दाबी गर्न सुझाव सहित म.ले.प.बाट लेखा परिक्षण गर्दा माग भए अनुसारको दाबीसंग सम्बन्धीत कागजातहरु प्रतिष्ठानले पेश गर्नु पर्ने कुरामा प्रतिष्ठानलाई प्रतिवद्ध गराई कार्यकारी निर्देशकलाई मौजुदा ऐन र नियमहरूको पालना गरी उपयुक्त र व्यवहारिक निर्णय लिन निर्देशन दिने ।

निर्णय नं १०

बोर्ड व्यवस्थापनबाट पेश भएको प्रस्ताव नं. ६ मा विपन्न कार्यक्रम अन्तरगत कडारोगको उपचार गर्न ११ वटा अस्पतालको मिति २०७९।०३।२९ मा सचिवस्तरीय निर्णयबाट सूचिकरण गरी सम्झौताका लागि प्राप्त विववरण, स्वास्थ्य बीमा बोर्डमा प्राप्त भएका मध्ये प्रकृया पुगेका संलग्न विभिन्न १२ वटा नयाँ अस्पतालको अनुगमन गरी सूचिकरणका गर्ने, नर्सिङ्ग महाशाखाबाट अनुगमन भई सुचिकरणका लागि पेश भएका यसैसाथ संलग्न २१ वटा अस्पताललाई सूचिकरण गर्ने र हाल विपन्न सेवा प्रदान गरिरहेका ९३ वटा अस्पतालहरूको २०७९ असाढ मसान्तमा सम्झौता अवधि समाप्त भएका र मिति २०७९ श्रावण १ गते देखि १ वर्षका लागि नविकरण गर्ने सम्बन्धमा छलफलका लागि निर्देशक समितिमा पेश गर्न निर्देशन दिने ।

निर्णय नं. ११

अन्तर मन्त्रालय स्तर र वैदेशिक अन्तराष्ट्रिय संघ संस्थाहरुसंग औपचारिक समन्वय गर्दा बोर्डमा छलफल गरी गर्ने परीपाटी बसाल्न बोर्ड व्यवस्थापनलाई निर्देशन दिने ।

निर्णय नं. १२

समय आभावका कारणले बोर्ड बैठकमा छलफल गर्न नसकिएको स्वास्थ्य बीमा कार्यक्रम सम्बन्धि मुख्य मुख्य सूचकहरु बोर्डका अध्यक्ष सहित सबै सदस्यहरुको इमेलमा पठाउने ।



CamScanner

**निर्णय नं. १३**

स्वास्थ्य बीमा बोर्डको आ.व. २०७८।०७९ को आन्तरिक लेखा परिक्षण गर्नका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय, त्रिपुरेश्वरलाई अनुरोध गर्ने निर्णय गरियो ।

कार्यकारी निर्देशक